सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा ३ र नियमावलीको नियम ३ बमोजिम ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने विवरण मध्ये (२०७७ कार्तिक ,मंसिर र पौष ) महिनाको विवरण

| क्र.स. | बिबरणको सुची | बिबरण/प्रगति | कैफियत |
|---|---|---|---|
| १. | निकायको स्वरूप र प्रकृति | नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रलाई समेत सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरण सृजना गरी यस क्षेत्रको विकास तथा विस्तार गर्नका साथै दूरसञ्चार क्षेत्रलाई अझ व्यवस्थित र नियमित गर्न दूरसञ्चार ऐन, २०५३ वमोजिम अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था, नेपाल दूरसञ्चार प्राधिकरण (Nepal Telecommunications Authority) को मिति २०५४ फागुन २० गते स्थापना भयो। | |
| २. | निकायको काम,कर्तब्य र अधिकार | • दूरसञ्चार सेवाको विकासको लागि नेपाल सरकारले अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।<br>• दूरसञ्चार सेवा तथा सुविधा र्सवसुलभ र भरपर्दो बनाउने ।<br>• आधारभूत दूरसञ्चार सेवा र सुविधा नेपालभरका शहरी तथा ग्रामीण सबै क्षेत्रमा पुऱ्याउन आवश्यक व्यवस्था गर्ने ।<br>• दूरसञ्चार सेवा संचालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरुलाई सहभागी बनाउने ।<br>• दूरसञ्चार सेवा र सुविधा र्सवसाधारण सबैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरु बीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने ।<br>• दूरसञ्चार सेवा र दूरसञ्चार सम्वन्धी यन्त्र तथा उपकरणहरुको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने ।<br>• दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने ।<br>• दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र दिने ।<br>• अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसंचार सेवा उपलब्ध गराए बापत लिने शुल्क स्वीकृत र नियमित गर्ने ।<br>• रेडियो प्रिक्वेन्सी नीति निर्धारण समितिबाट निर्धारित नीति अनुरुप फ्रिक्वेन्सी सम्वन्धी काम गर्ने।<br>• दूरसञ्चारको क्षेत्रमा नयां प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने, गराउने ।<br>• दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गराउने ।<br>• उपभोक्ताहरुको हकहितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने ।<br>• दूरसञ्चारका सम्वन्धमा नेपाललाई International ट्रान्जिटको रुपमा विकास गर्ने, गराउने । | |

| | | | |
|---|---|---|---|
| | | • दूरसञ्चार सेवाको विकास र प्रबर्द्धन  लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने ।<br>• दूरसञ्चार सम्वन्धी यन्त्र, उपकरण तथा सुविधाहरुको गुणस्तर निर्धारण गर्ने।<br>• सरकारी नीति निर्देशनलाई ध्यानमा राखी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिने।<br>• दूरसञ्चार सेवा प्रदायकहरु बीच र सेवा प्रदायक र ग्राहक बीच पर्ने विवाद समाधान गर्ने।<br>• दूरसञ्चार सेवाको निरीक्षण र जांचबुझ गर्ने।<br>• अनुमतिपत्र जारी, नवीकरण, खारेज, संशोधन गर्ने एवं दण्ड जरिवाना गर्ने।<br>• सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा सटहीको सिफारिश गर्ने।<br>• क्षतिपूर्ति निर्धारण गर्ने।<br>• सेवा प्रदायकलाई अरुको घर जग्गा उपयोग वा प्राप्तीका लागि आवश्कता अनुसार नेपाल सरकारलाई सिफारिश गर्ने।<br>• महशुल दर र अन्तरआवद्धता  सम्बन्धमा निर्देशिका बनाई लागू गर्ने।<br>• प्रधिकरणलाई आवश्यक पर्ने बिनियम बनाउने।<br>• ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्ने रकमको दर निर्धारण गर्ने | |
| ३. | निकायको रहने कर्मचारी संख्या र कार्य विवरण | स्विकृती दरबन्दी ११० ,कार्यरत स्थायी कर्मचारी ५७ | |
| ४. | निकायले प्रदान गर्ने सेवा | दूरसंचार सेवा संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने , महशुल दर स्वीकृत गर्ने , फ्रिक्वेन्सी (Spectrum) व्यवस्थापन तथा वितरण गर्ने, अनुगमन तथा निरीक्षण कार्य गर्ने, अनुमतिपत्र तथा उपभोक्ता हित संरक्षण  कार्य गर्ने , नम्बरीङ्ग व्यवस्थापन गर्ने,उपकरण स्तर निर्धारण गर्ने | | |
| ६. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सम्पूर्ण विवरण कार्यालयको वेभसाइटमा उल्लेख गरिएको सोको लिंक https://nta.gov.np/ne/सांगठनिक-संरचना/ | | |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दूरसंचार ऐन, नियमावलीमा  उल्लेख भए बमोजिम उक्त बिषय नागरिक बडापत्रमा उल्लेख गरिएको | | |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | दूरसंचार प्राधिकरणका शाखा,महाशाखा,निर्देशनालय,अध्यक्ष, प्राधिकरण बोर्ड | |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | नागरिक बडापत्रमा उल्लेख गरिएको, सोको लिंक https://nta.gov.np/wp-content/uploads/Nagarikbadapatra-Final.pdf | |
| १०. | सम्पादन गरेको कामको विवरण | १. सातै प्रदेश अन्तर्गतका मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकामहरुमा पूर्व पश्चिम जोड्ने राजमार्ग, उत्तर दक्षिण जोड्ने राजमार्गमा अप्टिकल फाईवर नेटवर्क बिस्तार गर्ने क्रममा १) प्याकेज १ | |

| | | | |
|---|---|---|---|
| | | अन्तर्गत हालसम्म ५८६ कि. मि.( २६.८९%) अप्टिकल फाइबर बिछ्याउने कार्य भएको IDWDM System जडान ९०% Core Router Equipment जडान ९१% सम्पन्न भएको।प्रदेश ६र ७ अन्तर्गतका मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम, पूर्व पश्चिम जोड्ने राजमार्ग, उत्तर दक्षिण जोड्ने राजमार्गमा अप्टिकल फाईवर नेटवर्क बिस्तार गर्ने कार्य अन्तर्गत ADSS तर्फको Letter of Intent (LOI) जारी भएको तथा Microwave Radio को मुल्याङ्कन पश्चातः बोलपत्र रद्ध भएको र High Capacity DWDM र Core Router को लागि बोलपत्र आह्वान भइ मुल्यांकन प्रक्रियामा रहेको ।<br>२.सूचना प्रबिधि प्रयोगशाला र सामुदायिक विधालयमा,अस्पताल तथा स्वास्थ सस्थाहरुमा उच्चगतिको इन्टरनेट सुबिधा पुर्याउन सेवा प्रदायक छनौट भैसकेको 77 वटा जिल्लाहरुका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था आदिमा ब्रोडव्याण्ड सेवा उपलब्ध गर्ने। कार्यक्रम अन्तर्गत २०७७ साल पौष महिना सम्म ७०२ वटा स्थानिय निकायको कार्यालय मध्ये ७६.५०% (५३७ वटा) स्थानिय निकायको कार्यालय, ५९३३ वटा वडा कार्यालय मध्ये ७३.५४% (४३६३वटा) वडा कार्यालय, ५२२५ वटा माध्यमिक बिद्यालय मध्ये ७०.११% (३६६३ वटा ) माध्यमिक विद्यालय र ४१२२ वटा स्वास्थ्य संस्था मध्ये ७४.४५% (३०८१ वटा ) स्वास्थ्य संस्था गरी कुल ७२.८६% स्थानहरुमा ब्रोडब्याण्ड ईन्टरनेट जडान कार्य सम्पन्न भएको।<br><br>३. धार्मिक तथा पर्यटकीय स्थलहरु (Everest Base Camp, Annapurna Circuit, लुम्बिनी परिसर,जानकी मन्दिर परिसर,पाथिभरा हलेशी,स्वर्ग द्वारी ,वराह क्षेत्र,मुक्तिनाथ,जामे मस्जिद काठमाडौं र गुरुद्वारा) लगायतमा Wi-Fi Internet सेवा पुर्याउने कार्य अन्तर्गत Everest Base camp र Annapurna circuit मा ५०%कार्य सम्पन्न भएको\| manasalu Circuit को survey को लागि परामर्शदाता छनौट भएको \|<br>४. नेपालको आफ्नै Satellite स्थापना गर्न International Standard को कार्यविधि, संचालन मोडालिटी, Business Model नियन्त्रण, नियमन र सुरक्षाको लागि नीतिको मस्यौदा तयार गरि पेश गरिएकोमा EOI पेश गर्ने अन्तिम मिति ११ january २०२१ सम्म प्राप्त EOI मुल्यांकनको क्रममा रहेको ।<br><br>४.Mobile Device Management System स्थापना गर्ने कार्य अन्तर्गत हालसम्म पहिलो लटको उपकरणहरु आयात भइ राष्ट्रिय सूचना प्रविधि केन्द्र,सिंहदरवारमा राखि software installation भएको \| | |

| | | | |
|---|---|---|---|
| | | ५.सातै वटा प्रदेश को जम्मा ९३० विधालयमा सूचना प्रबिधि प्रयोगशाला स्थापना गर्ने सम्बन्धमा ९२० वटा बिद्यालयमा सामान delivery सम्पन्न भएको र ८८९ वटा विद्यालयमा installation process सम्पन्न भएको\|<br>६. MDMS र Data Center स्थापनाको लागि Temporary Prefab भवन निर्माण गर्ने कार्य अन्तर्गत प्राप्त बोलपत्र मुल्यांकनको क्रममा रहेको ।<br>७. प्राधिकरणको लागि निर्माण गर्ने जग्गा/भवन खरिद र लिजमा लिने कार्य अन्तर्गत हाल प्राप्त बोलपत्र मुल्यांकनको अन्तिम चरणमा रहेको ।<br>८. २०७७ साल कार्तिक महिनाको को MIS रिपोर्ट प्रकाशन भएको । | |
| ११. | प्रबक्ता ,सूचना अधिकारी र प्रमुखको नाम र पद | प्रमुखको नाम र पद श्री पुरुषोत्तम खनाल अध्यक्ष<br>प्रबक्ता श्री मिन प्रसाद अर्याल निर्देशक<br>सूचना अधिकारी श्री सन्दिप अधिकारी उपनिर्देशक | |
| १२. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | दूरसञ्चार ऐन २०५३, उपभोक्ता संरक्षण ऐन २०७५, नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३, नेपाल दूरसञ्चार प्राधिकरण (उजुरी कारवाही सम्बन्धी कार्यविधि) विनियमावली २०६८, नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली २०६८, नेपाल दूरसञ्चार प्राधिकरणको निरीक्षण तथा जाँच कार्यविधि सम्बन्धी विनियमावली २०६८, नेपाल दुरसंचार प्राधिकरणको कार्य सम्पादन सम्बन्धि बनेको बिनियामवाली,२०६८, दूरसंचार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७३, नेपाल दूरसंचार प्राधिकरणका कर्मचारीहरुको(सेवा शर्त सम्बन्धी) विनियमावली,२०७३, नेपाल दूरसंचार प्राधिकरण खरिद विनियमावली, २०७३, शुल्क स्वीकृति निर्देशिका, अन्तरआवद्दता निर्देशिका, २०६५, General Licensing Guideline, Internet with Email guidelines, Network Service Guideline, VSAT User Guideline Amendment, Video Conferencing Guideline, Special Guidelines for Prepaid Calling Card, Infrastructure Sharing Guidelines | |
| १३. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण | आ.व. २०७७/७८ को पौष सम्मको विनियोजित बजेट रु ७२,७००,०००,००/-<br>आ.व. २०७७/७८ को पौष सम्मको सम्मको खर्च रु १,१७५,०६३,९५०/- | |
| १४. | तोकिए बमोजिमका अन्य विवरण | N/A | |
| १५. | सार्बजनिक निकायको वेभसाइट | www.nta.gov.np | |

| | | | |
|---|---|---|---|
| | भए सोको विवरण | | |
| १६. | सार्बजनिक निकायका सूचना अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण | कार्यालयको सचना पार्टी र वेवसाइट तथा आवश्यकता अनुसार रास्ट्रिय दैनिक पत्र पत्रिका । | |